"Green Sharada, Clean Sharada"

# आ.व. २०८१|०८२ का लागि नगर सभाको १५ औं अधिवेशनमा प्रस्तुत

# नीति तथा कार्यक्रम

प्रस्तुत कर्ता :- प्रमुख श्री प्रकाश भण्डारी

२०८१ आषाढ ०७ गते

# "Green Sharada, Clean Sharada"

आदरणीय सम्मानित नगर सभाका सदस्यज्यूहरु ,

यहाँ उपस्थित कर्मचारी लगायत अन्य महानुभावहरु !!

सर्वप्रथम,

शारदा नगर नगरपालिकाको आ.ब. २०८१/०८२ को नीति, कार्यक्रम तथा बजेट पेश गर्ने यो गरिमामय नगरसभाको १५ औं अधिवेशनमा म संघीय लोकतान्त्रीक गणतन्त्र नेपाल स्थापना लगायत नेपालका राजनैतिक परिवर्तनको प्रमुख आन्दोलनका विभिन्न काल खण्डमा आफ्नो अमूल्य जीवन उत्सर्ग गर्नुहुने सम्पूर्ण ज्ञात अज्ञात शहिदहरु प्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्न चाहन्छु । त्यसैगरी नेपालमा भएका राजनीतिक परिवर्तनका विभिन्न आन्दोलनमा घाईते हुनुभएका योद्धाहरुको शीघ्र स्वास्थ्य लाभको कामना गर्दछु । राजनैतिक आन्दोलनमा वेपत्ता हुनपुगेका र वेपत्ता पारिएका नागरिकहरुको खोजी तथा सार्वजनिक गर्न तदारुकता देखाउन संघीय तथा प्रदेश सरकारको ध्यानाकर्षण पनि गराउन चाहन्छु ।

नेपालको संविधान २०७२ जारी भएपछि मुलुकमा संघीयता संस्थागत भएको छ । संविधानले परिकल्पना गरेका तीनै तह संघ, प्रदेश र स्थानीयतहका दोस्रो निर्वाचन सम्पन्न भएको दुई वर्षको समय व्यतित भईसकेको छ । संविधानले परिकल्पना गरेका संरचनाहरु स्थापना र क्रियाशील हुदै गएका छन् । संविधानले व्यवस्था गरेका नागरिकका मौलिकहकहरु प्रचलन गराउनुपर्ने विषय सबै सरकारहरुका दायित्वका रुपमा रहेका छन् । राजनीतिक आन्दोलनले पूर्णता पाईसकेको अवस्थामा अब जनताको आर्थिक संवृद्धि हासिल गर्ने राष्ट्रिय अभियानमा हाम्रो ध्यान केन्द्रित गर्नुपर्ने अवस्थामा हामी आईपुगेका छौं ।

अबको हाम्रो गन्तव्य गरिवी  निवारणका लागि आर्थिक संवृद्धि, सुशासन, सामाजिक समावेशीकरण, समावेशी विकास, सामाजिक न्याय सहितको आयको समान वितरण तर्फ हुनु जरुरी छ । यस्तो महत्वपूर्ण घडिमा हुन गईरहेको नगर सभाको शुभारम्भ सत्रमा सबै महानुभावहरुमा आभार व्यक्त गर्न चाहन्छु ।

भौगोलिक रुपले कठिन तर यस नगरपालिका जिल्लाको सदरमुकामा रहेको नगरपालिका हो ।  विभिन्न जातजातिको मिश्रित वसोवास रहेको यस नगरपालिकामा क्षेत्री, दशनामी, दलित, ठकुरी र बाहुन जातिको बाहुल्यता रहेको छ । जाति अनुसार फरक फरक संस्कृति, भेषभुषा र परम्परागत सम्पदाहरु रहेका छन् । यी हाम्रा नगरपालिकाका सम्पत्ति हुन् भन्ने मेरो वुझाई छ । यस्ता सम्पदाहरुको संरक्षण र सम्वर्द्धन गर्नु हामी निर्वाचित जनप्रतिनिधिहरुको परम कर्तव्य हो । नेपालको संविधानले नेपाली जनताको सार्वभौमिकतालाई संवैधानिक, कानुनी र व्यवहारिक रुपमा स्थापित गरिसकेको परिप्रेक्ष्यमा संविधान प्रदत्त हक अधिकारहरु तथा राज्य र स्थानीय सरकारबाट प्रदान गरिने सेवा सुविधाहरु सबै नगरपालिका वासी समक्ष पुऱ्याउनु हाम्रो प्रमुख दायित्व हो । तथ्य, तर्क र कानुनका आधारमा नगरपालिका वासीका जायज कुराहरुको सम्वोधन गर्ने परिपाटीलाई निरन्तरता दिनुको साथै लोकप्रियताका लागि मात्र नभई जनताका लागि आवश्यकताका आधारमा कार्य गर्न सकेमा मात्र नगरपालिका र जनप्रतिनिधीहरुको गरिमा उच्च हुनेमा दुई मत हुन सक्दैन भन्ने मेरो ठम्याई छ ।

वर्तमान युग सूचना प्रविधिको युग हो । सूचना प्रविधिको यथेष्ट उपयोगबाट आज कैंयौ मुलकका साथै हाम्रै देशका स्थानीय तहहरुले उल्लेख्य प्रगती हासिल गरिसकेका छन् । यस परिप्रेक्ष्यमा अबको हाम्रो विकास सूचना र तथ्यांकको विश्लेषण र अनुसन्धानमा आधारित रहेर हुनु पर्दछ । यसका लागि नगरपालिकाको भूगोल, जनसंख्या, प्राकृतिक स्रोत साधन, संस्कृति, क्षमता र सम्भावनाहरुको तथ्यगत विवरण तयार गरी दुरुस्त राख्ने तर्फ हाम्रो ध्यान जानु पर्दछ । यसका लागि विकास र सेवा प्रवाहलाई सहजीकरण गर्ने गरि अर्पूण नीति र कानूनलाई पूर्णता दिने तथा आवश्यकता अनुसार नयाँ नीति र कानून निर्माणमा प्राथमिकता दिनु पर्दछ । नगरपालिकाका संस्थागत संरचनालाई सक्षम र कार्यमूलक बनाउनका साथै संरचनाहरुको कार्य प्रकृती, प्रदान गर्नु पर्ने सेवा र अवस्थितिको सही विश्लेषण गर्न सक्नु पर्दछ । यसका लागि जनप्रतिनिधीहरुको क्षमता अभिवृद्धि गरी अन्य क्षेत्रमा योग्य, विशेषज्ञ र दक्ष जनशक्ति विकास एवं परिचालन गर्न वृहत जनशक्ति योजना तर्जुमाको आवश्यकता मैले देखेको छु ।

नगरपालिका भित्र उपलब्ध तर प्रयोग विहीन र कम प्रयोग भएका स्रोत र साधनलाई कुशलतापूर्वक परिचालन गर्नेतर्फ हाम्रो ध्यान केन्द्रित हुनु पर्दछ ।

शारदा नगरपालिकाको आन्तरिक आय वृद्धिका संवाहक कृषि, उद्योग, पर्यटन, जलस्रोत, व्यापार व्यवसाय जस्ता क्षेत्रहरुको सही उपयोग नै हो । सार्वजनिक, नीजि र सहकारी क्षेत्रको समेत यस क्षेत्रमा लगानी केन्द्रित गराउनु हामी सबैको उतिकै दायित्व छ । यसका लागि सम्बन्धित पक्षलाई प्रेरित गर्न सक्नु पर्दछ । नगरलाई कृषिमा आत्मनिर्भर बनाउन, किसानका समस्या सम्बोधन गर्न तथा कृषि उत्पादनलाई बढावा दिन हरेक वडामा कृषि तथा पशु सेवा प्राविधिक खटाइएको छ । पशुधनमा देखिएको लम्पी स्किन महामारी नियन्त्रण गर्न सफल भइएको छ । कृषि तथा पशुपालनको व्यवसायीकरण र बजारीकरणका लागि पकेट क्षेत्र घोषणा गरी सो क्षेत्रमा लगानी बढाउनु जरुरी छ ।

पर्यटन उद्योग मार्फत नगरपालिकाको आम्दानी वृद्धि गर्नका लागि ऐतिहासिक महत्वका मठमन्दिर, भाषा र संस्कृतिको संरक्षण सम्वर्धन गर्नुका साथै शहरीकरणका लागि आवश्यक पूर्वाधारको क्रमश: निर्माण तथा व्यवस्थापन गर्दै शिक्षा, स्वास्थ्य, खानेपानी, विद्युत, इन्टरनेट र वैंकिग क्षेत्रमा नगरपालिका वासीको सहज पहुँचमा महत्व दिनु आवश्यक सम्झेको छु । फोहर मैलाको उचित व्यवस्थापनको प्रबन्ध मिलाइएको छ । शारदा वासीलाई खानेपानीकोको सहज पहुँचका लागि करिब १०९ करोडको बजेटमा खानेपानी योजना निर्माणको पूर्व तयारीमा रहेको छ ।

स्थानीय सरकार आम जनताको नजिकको ढोकाको सरकार (Government of door) हो । यही मूलमर्मलाई ध्यानमा राखी अशक्त अपाङ्ग एवम् जेष्ठ नागरिकहरुको सामाजिक सुरक्षा भत्ता उहाँहरुकै वडा वडामा वितरण गरिदै आएको छ । यसै गरेर जेष्ठ नागरिकहरुलाई घरघरमै स्वास्थ्य परीक्षण एवम् औषधि उपचारको ब्यवस्था गरिएको छ । ग्रामीण अल्ट्रासाउण्ड सबै वडामा संचालन गरिएको छ । वडाबाटै जग्गा कर, विद्युत महशुल तिर्ने व्यवस्था मिलाइएको छ । शिक्षा क्षेत्रको विकास नभै नगरपालिका वासीको उत्थान हुन नसक्ने भएकाले नगरपालिका भित्र रहेका विद्यालयहरुमा रिक्त शिक्षक दरवन्दी मिलान तथा पदपूर्ती गर्ने, विद्यार्थी संख्या अत्यन्त न्यून भएका विद्यालयहरु एक आपसमा समायोजन गर्दै जाने, विद्यालयको भौतिक संरचनामा सुधार गर्ने, सबै विद्यालयमा क्रमश: इन्टरनेटको सुविधा पुऱ्याउने कार्य विशेष प्राथमिकतामा छ । नगरका सबै विद्यालयमा विज्ञ सहितको टिमले अनुगमन तथा कक्षा ८ मा एकीकृत परीक्षा प्रणाली लागु गरिएको छ ।यस आ. व. मा टिनको छाना जीर्ण भएका विद्यालयमा नयाँ टिनको छाना परिवर्तन गर्ने, खानेपानीको व्यवस्थापन तथा शौचालय निर्माण र मर्मत गर्ने नीति अवलम्बन गरिनेछ । बालबालिकाले विद्यालय छाड्ने कारणको अनुसन्धान गरी सुधार कार्यक्रम सञ्चालन गर्ने र बालमैत्री नगरपालिकाको विकास गर्न अन्य साझेदार निकायसँग हातेमालो गरी शैक्षिक तथा बालबालिकाको क्षेत्रमा कार्यक्रम सञ्चालन गरिने छ ।

श्रीनगर बसपार्कलाई आधुनिक बसपार्क बनाउने कार्य सुचारु गरिएको छ । व्यवस्थित अटो भिलेज स्थापना गरि संचालनमा आएको छ । नगर उज्यालो कार्यक्रम अन्तर्गत खलंगा र श्रीनगर बजारमा हाईमस्ट लाइट जडानको काम गरिएको छ । बैज्ञानिक जग्गाको वर्गीकरण प्रणालीको शुरुवात गरिएको छ । त्यसै गरी नागरिकता प्रमाणपत्रको निशुल्क सिफारिसलाई निरन्तरता दिइने व्यवस्था मिलाइएको छ । छरिएर रहेका बस्ती, कृषि योग्य भूमिको अन्य प्रयोजनमा बढ्दो प्रयोग, अनियन्त्रित खण्डीकरण, कृषि उत्पादनमा ह्रास, खाद्य सुरक्षामा प्रतिकूल प्रभाव, वन क्षेत्रको अतिक्रमण र खुल्ला स्थानको अभाव जस्ता समस्या भूमि व्यवस्थापनमा रहेको छ । त्यसको समाधान र व्यवस्थित विकासका लागि बनाइएको भूउपयोग योजनालाई प्रभावकारी कार्यान्वयन गर्न सबैको सहयोग र सहकार्यको आवश्यकता रहेको छ । यसैमा आधारित रहेर मैले नगरपालिकाको आगामी आ.व. २०८१/०८२ को नीति तथा कार्यक्रम तयार पारी नगर कार्यपालिकाको बैठकबाट पारित गराई आजको गरिमामय नगरसभा समक्ष पेश गरेको छु ।

"Green Sharada, Clean Sharada"

**आदरणीय नगरसभा सदस्यज्यूहरु,**

**नगरपालिकाको समग्र विकास र समृद्दिका लागि तपसीलका अवसरहरु रहेका छन् ।**

१. कृषिका लागि उत्पादनशील उर्वर भूमिमा सिँचाईको भरपर्दो व्यवस्था गरी खाद्यान्न तथा नगदे बाली उत्पादनमा वृद्धिका साथै व्यवसायिक खेती गर्न सकिने ।

२. पशुपालन, पंक्षीपालन, मौरीपालन व्यवसायबाट अर्थोपार्जन गर्न सकिने ।

३. वेमौषमी खेती, अर्गानिक खेती तथा फलफुल खेतीका माध्यमबाट आय आर्जन वृद्दि गर्न सकिने ।

४. नगरपालिकामा उत्पादित वस्तुहरु राप्ती राजमार्ग र मदन भण्डारी राजमार्ग हुँदै देशका विभिन्न भागहरुमा लैजान सकिने ।

५. जर्कु, शारदा र खलंगा शीतलपाटी खानेपानी आयोजना मार्फत नागरिकको घरदैलोमा खानेपानी सेवा पुऱ्याउन सकिने ।

६. आस्थाकी देवी खैरावाङ्ग माईको प्रचार प्रसार गरी आन्तरिक पर्यटन प्रवर्धन गर्न सकिने ।

७. नगरपालिकाका रमणीय क्षेत्रहरु, साँस्कृतिक विविधता र पहिचानको उपयोग गरी बहु–आयामिक पर्यटनको विकास गर्न सकिने ।

८. नगरपालिका क्षेत्रमा विद्यमान श्रोतहरु–जल, जंगल, जडिबुटी, नदीजन्य पदार्थ तथा खनिज जस्ता श्रोतहरुलाई विकास कार्यमा उपयोग गर्न सकिने ।

९. परिश्रमी स्वभावका जनतालाई उत्पादनसँग जोडी आय आर्जन र रोजगारीका कार्यक्रम सञ्चालन गर्न सकिने ।

१०. युवाशक्तिलाई मानवीय पूँजीको रुपमा विकास र परिचालन गरी आर्थिक रुपान्तरणका क्षेत्रमा सहभागी गराउन सकिने ।

११. राज्यको पुनर्संरचना पश्चात स्थानीय तहमा उल्लेख्य जिम्मेवारी र बजेट प्रवाह भएको छ, यसलाई उत्साहका साथ सदुपयोग गरी आर्थिक समृद्धिमा थप टेवा पुऱ्याउने ।

१२. शैक्षिक संस्थाहरुमा सबैको पहुँच सुनिश्चित रहेको । गुणस्तरीय शिक्षा मार्फत असल, दक्ष, क्षमतावान र सीपयुक्त नागरिक तयार गरी आर्थिक तथा सामाजिक क्षेत्रमा अधिकतम लाभ लिन सकिने ।

१३. नगरपालिका भित्रका स्वास्थ्य सेवा केन्द्रहरुबाट स्वास्थ्य सेवा प्रवाह गर्नुका साथै विशेषज्ञ सेवा प्रदान गर्ने अस्पतालहरुसंग साझेदारी गरी घुम्ती सेवा मार्फत स्वास्थ्य सेवालाई नागरिकको घर घरसम्म पुऱ्याउन सकिने ।

१४. नगरपालिका पूर्ण खोप सुनिश्चता तथा दीगोपनायुक्त घोषणा भएको ।

१५. विभिन्न आमा समूह, महिला समूह, किसोरी समूह, सहकारी संस्था गठन र स्थापना भई महिला जागरण र विकासमा परिचालन भएको ।

१६. न्यायिक समिति र मेलमिलाप केन्द्रबाट समाजमा सु–व्यवस्था कायम गर्न सहयोग भएको ।

१७. शिक्षा क्षेत्रमा नगरपालिकाको विशेष ध्यान केन्द्रित भएको ।

१८. लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणबाट जनताहरु बढी उत्साहित भएको ।

१९. आवधिक योजना, भू–उपयोग योजना र सडक तथा यातायात गुरुयोजना निर्माण भई कार्यान्वयनमा रहेको ।

२०. सुन्दर, समृद्ध र सुशासित नगरपालिका निर्माणका लागि सामुहिक प्रतिबद्धता अघि बढेको ।

२१. राष्ट्रिय प्रसारण लाइनबाट नगरपालिकाको सबै वडा/क्षेत्रमा विद्युत पहूँच बढ्दै गएको ।

२२. ८० प्रतिशत भन्दा बढी भू–भाग बनवनस्पतिले ढाकिएको र नगरपालिकाको बीच भागबाट अबिरल बग्ने शारदा नदीको कारणले वातावरण संरक्षण र पर्यावरणीय सन्तुलनमा सकारात्मक अवस्था रहेको ।

२३. प्राकृतिक सौन्दर्यता तथा जैविक विविधताको दृष्टिले सबल रहेको ।

२४. खाली स्थान तथा रमणीय पार्क निर्माणका लागि सबै वडामा सार्वजनिक जग्गा उपलब्ध हुन सक्ने अवस्था विद्यमान रहेको।

२५. स्थानीय विपद् व्यवस्थापन समितिको गठन र विपद् व्यवस्थापनका लागि यथोचित रकम विनियोजन र प्रयोग भएको।

२६. नगरपालिका खुला दिशामुक्त भई १००% कार्यान्वयनमा आएको।

२७. नेपालको संविधान तथा स्थानीय सरकार सञ्चालन ऐन अनुसार नगरपालिकालाई प्राप्त अधिकार एवं दायित्वलाई व्यवस्थित गर्ने सन्दर्भमा आवश्यक कानूनहरु तर्जुमा गरी कार्यान्वयनमा आएको।

२८. निर्वाचित जनप्रतिनिधिहरु जन आकांक्षा अनुरुप कार्य गर्न आत्मविश्वासका साथ उत्साहित रहेका।

२९. विद्युतीय शासन पद्धति अन्तरगत सूचना र प्रविधिको प्रयोग हुँदै गएको।

३०. अत्याधुनिक बसपार्कको निर्माण पश्चात राजश्व परिचालन क्षमता वृद्दि हुने अवसर रहेको।

३१. विकास निर्माणमा जनसहभागितालाई प्राथमिकतामा दिइएको।

३२. नगरपालिकाको संस्थागत विकास गरी सेवा प्रवाहलाई चुस्त, दुरुस्त, सहज र प्रभावकारी बनाई सुशासनको प्रत्याभूति दिइएको।

उपरोक्त अवसरहरुलाई परिणाममा बदल्न तपसीलका चुनौतीहरु पनि संगै रहेका छन्।

## चुनौतीहरुः

१. आवश्यक साधन श्रोतको अभावमा बढ्दो जन आवश्यकता परिपूर्ति गर्ने।

२. अव्यवस्थित जग्गा विकास र आन्तरिक बसाइसराई जस्ता गतिविधिले कृषि उत्पादनमा आइरहेको ह्रासलाई व्यवस्थित गर्ने

३. अतिक्रमणको चपेटामा परेको सार्वजनिक जग्गाको नियन्त्रण र संरक्षण गर्ने।

४. कृषिलाई आधुनिकीकरण र व्यवसायीकरण गर्ने पक्षलाई साकार पार्न परम्परागत कृषि प्रणाली र अप्रयाप्त सिँचाई जस्ता विषयहरुको व्यवस्थापन गर्ने।

५. स्वरोजगार तथा आय आर्जनका कार्यक्रम सञ्चालन गरी नगरपालिकामा रहेको विद्यमान बेरोजगारीलाई रोजगारीको अवसर सिर्जना गर्ने। श्रम पलायनलाई रोक्ने।

६. नगरपालिकाको विद्यामान श्रोतको पहिचान र परिचालन गर्ने।

७. वन्यजन्तुबाट हुने मानवीय तथा कृषि बालीमा हुने क्षतिलाई न्युनीकरण गर्ने।

८. शैक्षिक संस्थाहरुको पठनपाठनमा गुणस्तरीयता कायम गर्ने।

९. स्वास्थ्य संस्थाहरुलाई well equipped, trained man power को व्यवस्थापन गर्ने।

१०. सम्पूर्ण नगरपालिकालाई घरेलु हिंसा मुक्त घोषणा गर्ने।

११. बालमैत्री, अपाङ्गमैत्री संरचनाहरुको व्यवस्थापन गर्ने।

१२. हिंसा पिडीत तथा वेवारिसेहरुको लागि पुर्नस्थापना केन्द्रको व्यवस्था गर्ने।

१३. शिक्षा तथा स्वास्थ्य सेवालाई गुणस्तरीय र भरपर्दो बनाउने।

१४. लैङ्गिक, जातीय र धार्मिक विभेदलाई बल पुऱ्याउने अन्धविश्वास, कु–संस्कार, कु–प्रथा एवं परम्पराबाट समाजलाई मुक्त गर्ने।

१५. खानेपानी आपूर्ति तथा सरसफाई व्यवस्थापन भरपर्दो बनाउने।

१६. सडक, नाली निर्माण र भवन निर्माण जस्ता पूर्वाधारहरुमा विद्यमान राष्ट्रिय मापदण्ड प्रणालीलाई अवलम्बन गर्ने।

१७.सार्वजनिक तथा निजी सवारी साधनको पार्किङ्ग तथा उपयुक्त बसपार्कको व्यवस्थापन गर्ने ।

१८. टिन छाना भएका विद्यालय भवनहरुको छाना विस्थापन तथा नयाँ छाना परिवर्तन गर्ने ।

१९. विभिन्न घर तथा बजारबाट निस्कने ठोस फोहरको दीर्घकालीन व्यवस्थापन गर्ने ।

२०. विकासका साझेदारहरुको सहयोग, समन्वय र राजनैतिक प्रतिवद्धता जस्ता विषयहरुलाई निरन्तरता दिने ।

२१. नगरपालिकामा बाह्रै महिना चल्ने सडक सञ्जालको विकासबाट कृषि, उद्योग, पर्यटन र उर्जाको विकास गर्ने ।

२२. विद्युत सेवालाई सर्वसुलभ बनाउने ।

२३. यातायातका साधन दिनानुदिन बढिरहेको अवस्थाले वातावरण प्रदुषण र मानव स्वास्थ्यमा पर्ने प्रतिकूल असर नियन्त्रण गर्ने

२४. प्लाष्टिकजन्य वस्तुको अत्यधिक प्रयोगबाट मानव स्वास्थ्य र कृषि योग्य भूमिमा पर्ने असरलाई नियन्त्रण गर्ने ।

२५. पशुपालन व्यवसायलाई भरपर्दो बनाउने तथा कृषिमा अत्यधिक प्रयोग हुने विषादीलाई नियन्त्रण गर्ने ।

२६. वन क्षेत्रको अतिक्रमण, वन विनास तथा डढेलो नियन्त्रण गर्ने ।

२७. आधुनिक प्रविधियुक्त जनशक्तिको व्यवस्थापन गर्ने ।

२८. नगरपालिका केन्द्रलाई नीति निर्माण र वडा कार्यालयहरुलाई सेवा केन्द्रका रुपमा विकास गरी स्थानीय सरकार प्रति नागरिकको भरोसा जित्ने ।

२९. परम्परामा आधारित अनुगमन तथा मूल्यांकन पद्धतिलाई नतिजामा आधारित बनाई कार्यान्वयनमा ल्याउने ।

३०. नगरपालिकालाई वित्तीय श्रोत साधनबाट आत्मनिर्भर बनाउने ।

**आदरणीय नगरसभा सदस्यज्यूहरु,**

**आगामी आ.व. २०८१/८२ को नीति तथा कार्यक्रम निर्माण गर्दा नगरपालिकाले निम्न विषयहरुलाई आधारको रुपमा लिएको व्यहोरा यहाँ प्रस्तुत गर्न चाहन्छुः**

क. नेपालको संविधान २०७२ (राज्यका निर्देशक सिद्धान्त तथा नीतिहरु)

ख. स्थानीय सरकार संचालन ऐन, २०७४

ग. अन्तर–सरकारी वित्त व्यवस्थापन ऐन, २०७४

घ. संघ, प्रदेश र स्थानीय तह (समन्वय तथा अन्तरसम्बन्ध) २०७७

ङ. आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६

च. नेपाल सरकारको नीति तथा कार्यक्रम र वर्तमान वजेट

छ. प्रदेश सरकारको नीति तथा कार्यक्रम र वर्तमान बजेट

ज. स्थानीयतहको बजेट तर्जुमा दिग्दर्शन, २०७८

झ. नगरपालिकाका ऐन, नियम, निर्देशिका, कार्यविधि र मापदण्ड

ञ. नेपाल सरकारको पन्धौं योजना

ट. दीगो विकास लक्ष्य २०१६–२०३०

ठ. राष्ट्रिय जनगणना, २०७८ को प्रतिवेदनहरु

ड. नगरपालिको आवधिक योजना २०७९-८४

ढ. नगरपालिकाको मध्यमकालीन खर्च संरचना

ण. नगरपालिकाको भू उपयोग योजना, २०७९

त. शारदा नगरपालिका कार्यपालिकाका सबै विषयगत समितिबाट प्राप्त सुझावहरु तथा निर्णयहरु,

थ. नगर कार्यपालिका तथा नगर सभाका निर्णयहरु

द. नीति तथा कार्यक्रम र बजेट निर्माणका क्रममा आयोजना गरिएका छलफल कार्यक्रमका विषयहरु।

ध. शारदा नगरपालिकाले आवश्यक देखेका विभिन्न विषयहरु।

उपरोक्त आधारमा आगामी वर्षका योजना तथा बजेट कार्यक्रम छनौट गर्न निम्न प्राथमिकता क्षेत्र तोकिएका छन् । साथै वडास्तरबाट योजना तर्जुमा गर्दा समेत देहाय अनुसारका प्राथमिकताका आधारमा तर्जुमा गर्न निर्देशन गरिएको थियो।

क. आर्थिक विकास तथा गरिवी निवारणमा प्रत्यक्ष योगदान पुऱ्याउने योजना

ख. उत्पादनमूलक र छिटो प्रतिफल दिने योजना

ग. राजश्व परिचालन र आन्तरिक आयमा उल्लेख्य योगदान पुऱ्याउने योजना

घ. सेवाप्रवाह, संस्थागत क्षमता अभिवृद्धि र सुशासनमा योगदान पुऱ्याउने योजना

ङ. स्थानीय स्रोत साधनमा आधारित भई जनसहभागिताको अभिवृद्धि गर्ने योजना

च. लैङ्गिक समानता, सामाजिक समावेशीकरणको अभिवृद्धि गर्ने योजना

छ. दिगो विकास,वातावरण संरक्षण र विपद् व्यवस्थापनमा योगदान पुऱ्याउने योजना

ज. स्थान बिशेषको संस्कृति र पहिचान प्रवर्धन गर्ने योजना

झ. लक्षितवर्गका जिविकोपार्जनमा सघाउ पुऱ्याउने योजना

**आदरणीय नगरसभाका सदस्य ज्यूहरु,**
अब म आगामी आ.व.२०८१/०८२ मा शारदा नगरपालिकाको बार्षिक नीति तथा कार्यक्रम प्रस्तुत गर्दछु।

## आर्थिक विकास तर्फः

१. कृषि विकास रणनिति योजना २०८१-२०८५ तयार गरिनेछ।

२. खाद्यान्न वालीको गुणस्तरीय विउमा नगरलाई आत्मनिर्भर बनाउन कृषकहरुलाई आवश्यक तालिम र उत्पादन र प्रशोधन सामाग्रीहरु वितरण गरिनेछ।

३. कृषि खेतीलाई व्यावसायिक बनाउनका लागि पकेट तथा ब्लक कार्यक्रम मार्फत उच्च मूल्य (High Value) का वाली वस्तुको खेतिमा जोड दिईने छ।

४. आधुनिक व्यवासायिक कृषि खेतिको लागि आवश्यक कृषि यान्त्रिकरण तथा पूर्वाधारका कार्यक्रम सञ्चालन गरिने छ।

५. शारदाको चिनारी माल्नेटी "अदुवा र खुकुरी' लाई ब्राण्डिङ गरिनेछ।

६. एक बस्तु सामुहिक कृषि उत्पादन, एक वडा एक विशेष उत्पादन नीति मार्फत आत्मनिर्भर अर्थतन्त्रको विकास गरिनेछ।

७. कृषि उपज भण्डारणको लागि सित भण्डार (Cold Store) निर्माणको लागि आवश्यक पहल गरिने छ।

८. कृषक अनुदानलाई थप प्रभावकरी र पारदर्शी बनाउन उत्पादनका आधारमा प्रोत्साहन अनुदान वितरण गर्ने कार्यलाइ निरन्तरता दिइनुका साथै सो विषयलाई नियमन गर्न कानून निर्माण गरिने छ।

९. कृषि पर्याबरण र प्रकृति पर्यटनको प्रबद्र्धन गर्नको लागि "हराभरा शारदा प्रकृतिको धन,स्वच्छ, स्वस्थ, सवल र सक्षम जन' का लागि प्रत्येक वडा कार्यालय, सामुदायिक वन र सार्वजनिक स्थान र बस्ती बस्तीमा बृक्षारोपण गरिनेछ।

१०.नगर भित्रका व्यावसायिक कृषकहरुको क्षमता विकासका लागि तालिम तथा अवलोकन भ्रमण जस्ता कार्यक्रम सञ्चालन गरिने छ ।

११.भौगोलिक अवस्था र पानीको स्रोतको आधारमा उपयुक्त सिंचाई बर्षभरी गराइनेछ, जस अन्तर्गत शाना तथा ठुला सिंचाई पोखरीको निर्माण, सिंचाई कुलो निर्माण र वर्षे पानी संकलन पोखरी निर्माण गरिनेछ ।

१२. कृषिजन्य वस्तुहरुको बजारीकरणका लागि प्रमुख बजारहरुमा कृषि बजार स्थापना गरिने छ ।

१३.कृषकसंग स्थानीय सरकार कार्यक्रम अन्तर्गत मेयर उत्कृष्ट कृषक पुरस्कार कार्यक्रम सञ्चालन गरिनेछ ।

१४. गरिवी निवारणका लागि कृषिजन्य साना लघु उधम कार्यक्रम सञ्चालनमा ल्याईने छ ।

१५.माटोको स्वास्थ्य अवस्था थाहा पाउन पालिकामा माटो जाँचको लागि मिनिल्याव सञ्चालनमा ल्याइने छ ।

१६. विभिन्न ठाउँमा घुम्ती माटो परिक्षण शिविर सञ्चालन लाइ निरन्तराता दिदै विग्रीएको माटोको अवस्था सुधार गर्न कृषि चुन तथा जिप्सम अनुदानमा बितरण गर्ने कार्यालाई निरन्तरता दिइनेछ ।

१७. खाद्यान्न बालीको उत्पादनमा वृद्धि ल्याउनको लागि उन्नत जातका बीउहरुको वितरण गरिनुका साथै च्याउ खेतिलाई प्रबद्र्धन गरिने छ ।

१८.पालिकामा उत्पादन हुने रैथाने बीलीको संरक्षण तथा प्रवद्र्धन कार्यक्रमहरुलाई निरन्तरता दिईने छ ।

१९.मसिना तथा बास्नादार जातका धान खेतीको क्षेत्र विस्तार गर्ने आवश्यक कार्यक्रम सञ्चालन गरिनेछ।

२०.विपन्न कृषकहरुका लागि तरकारीको मिनिकिट विउ वितरण कार्यलाई निरन्तरता दिइनेछ ।

२१.कफि पकेट क्षेत्रको पहिचान र प्रबर्दन गरिनेछ ।

२२. कृषि प्रोफाइल निर्माण कार्य ,किसान सूचीकरण कार्य सकाइनेछ एवं मत्स्य पशुपंक्षी अध्यावधिक कार्यक्रमलाइ निरन्तरता दिइनेछ ।

२३.परम्परागत रुपमा पालन गरिरहेका पशुपन्छीपालक किसानहरुलाई व्यबसायिक आधुनिक तथा मर्यादित पेशाको रुपमा संचालनमा ल्याइने छ ।

२४.पालिकाको माग अनुसार दुध, फुल, र मासुमा आत्मा निर्भर तर्फ ५ वर्ष भित्र पुरा गरिने लक्ष्य राखिनेछ ।

२५. अनुत्पादक पशुपन्छीहरुलाइ कृतिम गर्भधान, प्राकृतिक गर्भधान प्रबिधिद्धारा ५ बर्ष भित्र वर्णशंकर जातका पशुपन्छीहरुको विकास गरीने छ ।

२६.छाडा भुस्याहा कुकूरहरुलाई Spaying & Vaccination प्रबिधि द्धारा बन्ध्यारण गरी बजार क्षेत्र भित्र उत्पन्न हुने क्षति न्यूनीकरण कार्यक्रमलाई निरन्तरता दिईने छ ।

२७. प्रत्येक वडाहरुमा पशुपन्छी पकेट ब्लककक्षेत्र को स्थापना गरीनेछ ।

२८. शारदा नगरपालीकालाई चाहिने दुधमा आत्मनिर्भर बनाउनको लागि भैसीपालन कार्यक्रमलाई प्रबद्र्धन गरीनेछ ।

२९. बातावरण मैत्रि तथा पशुहरुको आहारा उत्पादनका लागि बहुबर्षे तथा एक बर्ष डाले बहुबर्षे भुई घाँस खाली रहेको वन क्षेत्र वरपर लगायत सडक किनारा र बारी काल्नाहरुमा लगाई हराभरा वातावरण वनाउने निति अबलम्वन गरीने छ ।

**आदरणीय नगरसभाका सदस्यज्यूहरु,**

३०. जुनोटिक रोग तथा पशुहरुमा लाग्ने महामारी रोगबाट बचाउन समय अनुसारका खोप तथा उपचार सेवामा सुधार ल्याउने निती अबलम्बन गरीने छ ।

३१. परम्परागत रुपमा संचालन भैइरहेका गोठ खोरलाई आधुनिकीकरण तथा सुधारमा जोड दिईने निती लाइ निरन्तरता गरिनेछ ।

३२. बाँझोपन निवारण तथा पशु स्वास्थ्यमा सुधार ल्याउन समय समयमा पशु शिविर संचालन गरिनेछ, उत्पादनका आधारमा कृषकलाई प्रोत्साहन सेवा प्रदान गरिनेछ ।

३३. बजारक्षेत्रमा संचालन रहेका औषधि पसल फार्महरु तथा मासु पसललाई समय समयमा गरीने अनुगमनलाई निरन्तरता दिइने छ।

३४. नगर क्षेत्र भित्र पशु र कृषि व्यवसायलाई सुरक्षित र संरक्षित बनाउनको लागि कृषि तथा पशु वीमा अनिवार्य गराइनेछ। वीमा कार्यक्रममा नगरपालिकाले सहजिकरण तथा सहयोग गर्ने छ।

३५. नगर भित्रका व्यावसायिक कृषकहरुको क्षमता विकासका लागि तालिम तथा भ्रमण जस्ता कार्यक्रम सञ्चालन गरीनेछ

३६. कृषक संग स्थानीय सरकार कार्यक्रम अन्तरगत मेयर उत्कृषट कृषक पुरस्कार कार्यक्रम सञ्चालन गरीने छ।

३७. गाईगोरुहरु छाडा छोडने प्रचलनलाई रोक्न प्रत्येक गाईगोरुहरुको नम्बरीङ्गको व्यवस्थालाइ निरन्तरता दिदै गौशाला निर्माण र सुधार कार्यलाइ अगाडि बढाइनेछ।

३८. पशु सेवालाई थप प्रभावकारी बनाउन नगरपालिका भित्र पशु चिकित्सकको व्यवस्था गरिनेछ।

३९. उद्यम विकास कार्यक्रम मार्फत वेरोजगार युवा युवती तथा पिछडिएका समुदायमा सीप विकासका तालिमहरु आयोजना गरिनेछ ।

४०. उद्यमशिलता प्रर्वद्धनका लागि युवा उद्यमिहरुलाई सीप तथा प्रविधी हस्तान्तरण गरिनेछ।

४१. औद्योगिक क्षेत्रको वर्गिकरण गरी उद्यमग्रामको लागि पहल गरिनेछ।

४२. नगरभित्र संचालन भएका उद्योगहरुलाई प्रबद्र्धन तथा प्रोत्साहन गरिनेछ।

४३. असल उद्यम अभ्यासको अनुसरणलाई जोड दिइनेछ।

४४. नगरवासीहरुमा उद्यमशीलताको विकास तथा साना ठुला उद्योग व्यवसाय सञ्चालनमा सहजीकरण गरिनेछ ।

४५. गरीवी निवारणका लागि लघू उद्यम विकास कार्यक्रम मार्फत नयाँ लघु उद्यमीहरु उत्पादनलाइ निरन्तरता दिइनेछ।

४६. शारदा नगरपालिकास्थित सवै प्रकारका सहकारी संस्थाहरुको क्षमता बृद्धि र सहकारी शिक्षामा जोड दिइनेछ।

४७. एउटै प्रकृतिका सहकारी संस्था दर्ता गर्न कडाइ गरिनेछ भने सहकारीबाट गुणस्तरीय सेवा सर्व सुलभ रुपमा प्रदान गर्न प्रोत्साहन गरिनुका साथै नियमन अनुगमणमा कढाई गरीनेछ।

४८. लघु उद्यम विकास मार्फत सीप र दक्षता भएका नागरिकहरुलाई स्वरोजगारको लागि स्थानीय स्रोत साधन र कच्चा पदार्थहरुको प्रयोगमा विशेष जोड दिइनेछ।

४९. निजी क्षेत्र अर्थतन्त्रतको बलियो आधार साकार बनाउनको लागि नगर सरकार र नीजी क्षेत्रको साझेदारीबाट उत्पादन तथा उत्पादकत्व अभिवृद्धि रोजगारी सृजना जस्ता कार्यक्रमहरुमा संयुक्त लागानी गरिनेछ। त्यसको लागि Private Public Partnership (PPP Model )लाई अवलम्वन गरिनेछ।

५०. सहकारी क्षेत्रको विकास तथा क्षमता अभिवृद्धिका लागि अनुशिक्षण तालिम सञ्चालन गरिने छ।

५१. आस्थाकी देवी खैराबाङ्ग माईको दर्शन तथा पर्यटक आवागमणलाई वृद्धि गर्न दुवै तर्फबाट सडक कालोपत्र कार्यलाई निरन्तरता दिइनेछ

५२. नगर क्षेत्र भित्र जिप फ्लायर तथा पार्क निर्माण गरी पर्यटन प्रवर्द्धनका लागि नगरस्तरीय पर्यटन गुरुयोजना निर्माण गरिने छ।

५३. धार्मिक एवम् प्राकृतिक क्षेत्रमा पर्यटन प्रवद्र्धन र विकासको योजनासहित स्थानीय युवालाई तालिमको व्यवस्था गरिने छ।

५४. खैरावाङ्ग मन्दिर क्षेत्रलाई संरक्षण गदै पर्यटकलाई विश्रामका लागि पार्क निर्माण गरिनेछ ।

५५. शारदा नगरपालिकाभित्रका विभिन्न रमणीय स्थानहरुमा पर्यटन प्रर्वद्धन गर्नका लागि होम स्टे–निर्माण निर्माण कार्यलाई प्रवर्द्वन गरिनेछ।

५६. पर्यटकीय क्षेत्रको पहिचान र विकासमा विशेष योजना तयार गरी आन्तरिक तथा बाह्य पर्यटन आकर्षणको विशेष प्याकेज तयार गरिने छ।

५७. सामुदायिक पुस्तकालय र टोल टोलमा बाल उद्यान निर्माण गरिने छ।

५८.स्वच्छ, सफा र पर्यटनमैत्री बस्तीको विकास गर्दै Physical Fitness पार्कको निर्माण गरिने छ।

५९.खलंगामा Tourism Information Center (पर्यटन सूचना केन्द्र) स्थापना गर्नेकार्य अगाडी बढाईनेछ।

**आदरणीय नगरसभा सदस्यज्यूहरु,**

## सामाजिक विकास तर्फः

६०.हाम्रो स्वास्थ्य, राम्रो स्वास्थ्य" (Our Health Good Health) भन्ने भावनालाई आत्मसात गरी क्रमशः सबै वडाहरुमा विशेषज्ञ स्वास्थ्य शिविर संचालन गरिने छ।

६१.गुणस्तरीय स्वास्थ्य सेवाः नागरिकको अपेक्षा' भन्ने मान्यताका आधारमा सबै वडामा रहेका स्वास्थ्य संस्थाहरुको भौतिक पुर्वाधारमा सुधार साथै समयानुकुल स्तरोन्नति गरि स्रोत साधन सम्पन्न बनाउदै निःशुल्क औषधिहरुको नियमित आपूर्तिको सुनिश्चितता गरिने छ।

६२.१५ वटै वडाहरुमा बसोबास गर्ने जेष्ठ नागरिक तथा शारीरिक अपागंता भएका व्यक्तिहरुलाई टोल बस्तीमा पुगेर निःशुल्क स्वास्थ्य परीक्षणलाई निरन्तरता दिईने छ।

६३."स्वस्थ आहार, स्वस्थ विचार, स्वस्थ्य व्यवहार" लाई ध्यानमा राखी नगरका प्रमुख स्थानहरुमा योग शिविर संचालन गरिने छ।

६४.सबै स्वास्थ्य संस्थाहरुमा आकस्मिक सेवा कार्यक्रम संचालनमा ल्याई नगरवासीहरुको आकस्मिक स्वास्थ्य सेवाको पहुंचलाई सुनिश्चित गरिने छ

६५.१५ वटै वडाका महिला स्वास्थ्य स्वयंसेविकाहरुलाई प्रदान गर्दै आएको यातायात प्रोत्साहन सुविधालाई निरन्तरता दिइने छ।

६६.महिला स्वास्थ्य स्वयंसेविकाहरुको स्वास्थ्य वीमाको Premium नगरपालिकाकाले उत्प्रेरणाका रुपमा तिरिदिनेछ।

६७.विद्यालय स्वास्थ्य तथा नर्सिङ्ग सेवा कार्यक्रमलाई प्रभावकारी बनाइ निरन्तरता दिइने छ।

६८.राष्ट्रिय स्वास्थ्य बीमा कार्यक्रम प्रभावकारी रुपमा संचालन गरी नगरबासीको स्वास्थ्य बीमालाई सुनिश्चित गरिने छ।

६९.सरकारी तथा निजी क्षेत्रबाट संचालित स्वास्थ्य सेवाको गुणस्तरीयता सुनिश्चित गर्न समन्वय, सहकार्य, अनुगमन तथा नियमन गर्ने व्यवस्थालाई प्रभावकारी बनाइने छ।

७०. नगरवासीहरुको जीवनशैली परिवर्तन गर्न अभिप्रेरित गर्दै नसर्ने रोगहरुको रोकथाम, नियन्त्रण र उपचारको साथै सचेतना मूलक कार्यक्रमहरु संचालन गरिने छ।

७१.मानसिक स्वास्थ्य तथा मनोसामाजिक सेवा बिस्तार गरी विभिन्न किसिमका प्रवर्द्र्धनात्मक, रोकथाम र उपचारात्मक सेवाको व्यवस्था लाइ निरन्तरता दिइने छ।

७२. प्रजनन स्वास्थ्यको कार्यक्रमहरु निरन्तर रुपमा अगाडि बढाउदै लगिनुका साथै मातृ तथा नवशिशु कार्यक्रमलाई प्राथमिकता दिइनेछ ।

७३.क्षयरोग मुक्त नेपाल अभियान कार्यक्रम मार्फत यस नगरपालिकालाई क्षयरोग मुक्त पालिका घोषणा गर्न विभिन्न क्रियाकलाप सञ्चालन गरिनेछ।

७४.आकस्मिक स्वास्थ्य सेवामा टेवा पुर्याउन एम्बुलेन्स सेवाको उचित व्यवस्था गरिने छ।

७५.अकस्मात आइपर्ने महामारी नियन्त्रण, रोकथाम एवं विपद व्यवस्थापन पूर्व तयारीको उचित व्यवस्था मिलाइने छ।

७६. सवै स्वास्थ्य संस्था,वडा कार्यालय र विद्यालयहरुमा स्तनपान कक्ष र पोषण प्रदर्शनी कक्षको व्यवस्था मिलाइने छ। महिला, किशोरी र बालवालिकाहरुमा हुने कुपोषणको अवस्थामा सुधार ल्याउन बहु क्षेत्रीय पोषण योजनालाई प्राथमिकतामा राखि पोषण लक्षित र पोषण संवेदनशिल क्रियाकलापहरु संचालन गरिने छ।

७७. स्वास्थ्य सूचना प्रणालीलाई गुणस्तरीय बनाई नगरपालिकाको स्वास्थ्य सम्बन्धि नीति, योजना र रणनीति विकास गर्न प्रभावकारी उपयोग गरिने छ।

७८. आइ पास/पास नेपालको सहकार्यमा खलंगा तथा मार्के स्वास्थ्य चौकीबाट सुरक्षित गर्भपतन सेवा सञ्चालन गरिनेछ।

७९. CMC नेपालको सहकार्यमा मानसिक रोगप्रतिको गलत धारणा, अन्धविश्वास, भ्रम र मिथ्याकथन हटाउन विद्यालय र समुदाय स्तरमा जनचेतना अभिवृद्धि गरिनेछ।

८०. संस्थागत सुत्केरी तथा पोषण सुधार कार्यलाई थप प्रभावकारी बनाउन उपप्रमुख कोशेली कार्यक्रम सञ्चालन गरिनेछ।

८१. नागरिकको स्वास्थ्यलाई प्रमुख प्राथमिक्तामा राखी प्रदेश सरकारको समन्वयमा Telemedicine सेवाको सम्भाव्यता अध्ययन गरिनेछ।

८२. SMNHS/ DDS को सहकार्यमा मातृ तथा नवजात शिशु स्वास्थ्य सम्बन्धी कार्यक्रम गरिनेछ।

८३. USAID/ DDS को सहकार्यमा किशोर किशोरी प्रजनन स्वास्थ्य सम्बन्धी कार्यक्रम गरिनेछ।

८४. दीर्घरोगीहरुलाई दिइने मासिक रु ५००० (पाँच हजार) सर्व सुलभ तरिकाले उपलब्ध गराइनेछ।

८५. बहुक्षत्रीय पोषण कार्यक्रम सञ्चालन गरी सुनौला १००० दिनका आमा तथा शिशुको स्वास्थ्य एवं पोषणमा विशेष ध्यान दिनुका साथै उनिहरुका लागि मानसिक स्वास्थ्य कार्यक्रम सञ्चालन गरिनेछ।

८६. आत्महत्या रोकथाम तथा न्यूनीकरण गर्न विभिन्न जनचेतनामूलक कार्यक्रमहरु सञ्चालन गरिनेछ।

**आदरणीय नगरसभा सदस्यज्यूहरु,**

८७. समृद्ध शारदा नगरपालिकाका लागि नगरवासीलाइ खुसि बनाउन आवश्यक स्वावलम्बी, सीपमुलक,व्यावसायिक, प्रविधिमैत्री, प्रतिस्पर्धी, प्रवर्तनात्मक र मूल्य उन्मुख नागरिकको विकासका लागि योगदान गर्ने शारदा नगरपालिकाको शिक्षाको दिर्घकालिन सोच बमोजिम विद्यालय उमेर समूहका सबै बालबालिकाको शिक्षामा पँहुच सुनिश्चित गरिने छ।

८८. शारदा नगरपालिकाको पञ्चवर्षीय शिक्षा क्षेत्र योजना २०७९ देखि २०८३ को लक्ष्य बमोजिम शारदा नगरपालिकाको पञ्चवर्षीय शिक्षा क्षेत्र योजना २०७९ देखि २०८३ कार्यान्वयनमा ल्याइनेछ।

८९. नगर भित्रका बालविकास कक्षाहरुलाई नमुना बनाउनकोलागि शिक्षकहरुलाई मनटेश्वरी पद्यतिमा आधारीत तालिम प्रदान, कक्षाकोठाहरुमा Smart TV को व्यबस्थापन गर्नुको साथै न्यूनतम मापदण्ड पुरा गर्ने उद्धेश्यलाइ निरन्तरता दिइनेछ।

९०. सवै बालबालिकाहरूलाई गुणस्तरीय प्रारम्भिक बालविकास तथा शिक्षाको अवसर सुनिस्चित गर्नको लागि सेवामा पहुँच र गुणस्तर वृद्धि गरिनेछ।

९१. सबै तहका बालबालिकाहरूका लागि समतामूलक, सान्दर्भिक तथा गुणस्तरीय आधारभूत शिक्षामा पहुँच सुनिश्चित तथा सहभागिता वृद्दी गरि शैक्षिक वातावरण बालमैत्री, समावेशी, र सुरक्षित बनाइने छ।

९२. सार्वजनिक विद्यालयमा न्यूनतम पूर्वाधार निर्माण कार्य सम्पन्न गरिनुका साथै विद्यालयको भौतिक तथा शैक्षिक वातावरण, बालमैत्री, समावेशी र सुरक्षित बनाइने छ साथै गुणात्मक शिक्षा प्रदान गर्नका लागी शिक्षामा आधुनिक नवप्रविधियुक्त भौतिक निर्माणमा जोड दिइने छ। बालमैत्री विद्यालयका लागी कक्षाकोठा निर्माण, जिर्ण कक्षाकोठा पुर्ननिर्माण, सरसफाइयुक्त शौचालय र धारा पुर्ननिर्माणमा जोड दिइने छ

९३. शिक्षा क्षेत्रको जानकारी लिन, विद्यार्थीहरुको समस्या बुझ्न तथा शैक्षिक क्षेत्रमा शुशान कायम गर्न नगर प्रमुख र उप प्रमुख संग विद्यार्थी कार्यक्रम संचालनमा ल्याइने छ।

९४. बालबालिका तथा युवाहरुलाई सृजनशिल बनाउन मेयर इनोभेसन सेन्टर स्थापना गरिनेछ। साथै बालबालिका भविष्यका कर्णाधार, असल शिक्षा विद्यालय देखि घरसम्म, घर देखि समाज सम्म बनाउनको लागि शारदा ३ को खड्गदेवी प्राविलाई

मोडेल स्कुल(पाइलोटी प्रोजेक्ट) को रुपमा विकास गरिनेछ। जस अन्तर्गत सबैखाले, प्रभुद्ध पुजीपती, समाजसेवी वर्गहरुको साझेदारी हात कोष खडा गरिनेछ।

९५. सीमान्तकृत समुदायका बालबालिका, अपांगता भएका तथा पिछडिएका समुदायका वालवालिकालाई आवश्यक शैक्षिक सामाग्री र छात्रवृत्ति प्रदान गरिनु साथै बिद्यालय सम्म पहुँच पुर्याउन अभिमुखीकरण कार्यक्रममा जोड दिईने छ।

९६. स्थानीय पाठ्यक्रम, शारदा चिनारी लाई १-५ परिमार्जन सहित ६-८ मा कार्यान्वयनमा ल्याइने छ।

९७. बालबालिकाहरुको स्वास्थ्य परीक्षणलाई नियमितता र प्रभावकारीता कायम गर्नको लागि विद्यालयहरुमा प्रथामिक उपचार सेवाको व्यवस्था गरिने छ।

९८. प्राविधिक तथा व्यावसायिक शिक्षा मार्फत सीपयुक्त प्राविधिक एवंम दक्ष जनशक्ति उत्पादन गर्न जोड दिईने छ।

९९. सूचना तथा सञ्चार प्रविधको प्रयोग मार्फत विद्यार्थीको सिकाइ तथा शिक्षा व्यवस्थापनमा सुधार गरी गुणस्तरीय शिक्षाको प्रवर्द्धन गरिने छ जसका लागि आधारभूत तहदेखि नै विद्यालयमा ल्यापटप, प्रोजेक्टर, स्मार्ट वोर्ड, ट्यावलेटको प्रयोग मार्फत प्रविधिमैत्री सिकाईमा जोड दिइनेछ।

१००. शिक्षकहरूको पेशागत विकासमा सहयोग पुर्याउन शिक्षकहरूलाई समय सापेक्ष तालिम कार्यक्रमहरुलाई निरन्तरता दिईने छ।

१०१. शैक्षिक सुशासन कायम गर्न शिक्षकको पेशागत क्षमता विकासका लागि विषय विज्ञ सहितको सघन अनुगमन तथा सुपरीवेक्षण कार्यलाई निरन्तरता गरिने छ।

१०२. शारदा नगरपालिका भित्रका सम्पूर्ण निरक्षर व्यक्तिहरुलाई पूर्ण साक्षर बनाई पूर्ण साक्षरयुक्त नगरपालिका घोषणा उन्मुख निरन्तर साक्षरता कार्यक्रम संचालनमा ल्याइने छ।

१०३. सार्वजनिक शिक्षाको गुणस्तर अभिवृद्धि गर्न सामुदायिक सरकारी तथा संस्थागत निजी विद्यालयहरु सँग समन्वय सहकार्य गर्दै अनुगमन नियमनलाई प्रभावकारी बनाउदै बालबालिकाहरुको सर्वाङ्गिण विकासका लागि विद्यालय र नगर स्तरीय अतिरिक्त क्रियाकलापहरु संचालन गरिने छ।

१०४. नगरपालिकामा नतिजाका आधारमा उत्कृष्ट विद्यार्थी र विद्यालय, कार्य सम्पादनका आधारमा उत्कृष्ट शिक्षक र कर्मचारीलाई सम्मान तथा पुरस्कृत गरिने कार्यक्रमलाई निरन्तरता दिईने छ।

१०५. विद्यार्थीहरुमा पठन संस्कृतिको विकास गर्न तथा शैक्षिक सामग्रीको निर्माण तथा कक्षाकोठामा प्रभावकारी प्रयोगको लागि गरिदै आएको पढाइ मेलालाई निरन्तरता दिइने छ।

१०६. पालिकामा कार्यरत बालविकास शिक्षक, विद्यालय कर्मचारी (लेखापाल) र विद्यालय सहयोगी कर्मचारीहरुलाई प्रोत्साहन गरिनेछ।

१०७. शारदाको शिक्षा क्षेत्रलाई प्रभावकारी र गुणस्तरीय बनाउन Research On Education कार्यक्रमलाई निरन्तरता दिइने छ। सबै सामुदायिक विद्यालयका छात्राहरुलाई आत्मरक्षाको तालिम प्रदान गरिने छ।

१०८. प्रारम्भिक उमेरका बालवालिकाको विकासात्मक पक्षहरु र यसमा अभिभावकले निर्वाह गर्नुपर्ने भूमिका बारे अभिभावकको क्षमता विकाश तथा सचेतना अभिवृद्धिका लागी कार्यविधि समेत तयार गरी अभिभावक शिक्षा कार्यक्रमलाई निरन्तरता दिइने छ।

१०९. रुम टु रिडको सहकार्यमा सामुदायिक विद्यालयहरुमा साक्षरता कक्षालाई निरन्तरता दिदै कक्षा कोठा व्यवस्थापन र पुस्तकालय व्यवस्थापनलाई जोड दिइनेछ।

११०. USAID र किडार्क नेपालको सहकार्यमा प्रारम्भिक कक्षा सिकाई कार्यक्रम (EGLP) संचालन गरिनेछ।

१११. सेतो गुराँस राष्ट्रिय वालविकास सेवाको सहयोग तथा समन्वयमा अभिभावक शिक्षालाई निरन्तरता दिइनेछ।

११२. स्यानेटरी प्याड (Sanitary pad) को कुशल विसर्जनका लागि प्रत्यक विद्यालयलाई Disposal Machine उपलब्ध गराईने छ।

११३. प्रत्येक विद्यालयमा विद्यार्थी मनोसामाजिक परामर्शका लागि व्यवस्था मिलाउन पहल गरिनेछ।

११४. प्राकृतिक विपद् महामारी लगायतका समयमा वालबालिका शिक्षक तथा अभिभावकमा देखिने डर त्रास लगायतको मनोसामाजिक समस्यालाई सम्बोधन गरि पूरुवत अवस्थामा ल्याउनको लागि जनशक्तिको विकास र परिचालन विपद् तथा महामारि जन्य परिस्थितिमा बालवालिकाहरुका लागि मनोसामाजिक सहयोग कार्यक्रम सञ्चालन गरिनेछ।

११५. विपद्को अवस्थामा प्रभावित व्यक्तिहरुको लागि प्राथमिक मनोबैज्ञानिक सहयोग र विद्यालयमा समूहमा बेहोस हुने वा मास कन्भ्रसन डिर्सअडर (CMD)को व्यवस्थापनको लागि दुर्त प्रतिकार्य टोलीको नियमित क्षमता अभिबृद्धि गरि यथासक्य छिटो सेवा प्रवाह गरिनेछ।

११६. आम सञ्चारका माध्यामबाट बालबालिका तथा किशोरकिशोरीहरुको मानसिक स्वास्थ्य, मनोसामाजिक समस्या र मनोसामाजिक सहयोगको बारेमा उपयुक्त भाषा, शैलीमा सूचनाका सामाग्रीहरु तयार गरी प्रशारण गरिनेछ।

**आदरणीय नगरसभा सदस्यज्यूहरु,**

११७. शारदा मेयर कप T20 क्रिकेट प्रतियोगितालाइ निरन्तरता दिइनेछ।

११८. आगामी आ.व. २०८१।८२ मा शारदा खेदलकुद विकास समिति गठन गरिनेछ।

११९. सबै सामुदायिक माध्यमिक विद्यालयहरुमा खेल संस्कृतिको विकास गर्न खेल प्रशिक्षकको व्यवस्था मिलाइनेछ।

१२०. नगरबासीहरुलाई शारीरिक तथा मानसिक रुपमा स्वस्थ बनाउन पोषण तथा योग प्रशिक्षकको व्यवस्था गरिने छ।

१२१. विपद् व्यवस्थापनमा लागि प्रत्येक टोलमा युवा Task Force गठन गरिने छ।

१२२. सबै सामुदायिक माध्यमिक विद्यालयहरुमा भलिबल कोर्ट निर्माण गरिने छ। महिला भलिबललाई प्रोत्साहन गरिने छ।

१२३. प्राविधिक दक्ष जनशक्ति उत्पादनमा जोड गर्न मेयर छात्रबृत्ति कार्यक्रम लागु गरिने छ।

१२४. प्रतिभा पहिचान तथा प्रोत्साहन गर्न Sharada Idol कार्यक्रम संचानल गरिने छ।

१२५. युवाहरुलाई प्रोत्सान गर्दै उद्यमशीलतातर्फ आकर्षित गर्न शिक्षामा युवा उद्यमशीलतालाई जोडिनेछ।

१२६. खेलकूदका पूर्वाधार तथा संरचनाहरु निर्माण गरी मेयरकप, राष्ट्रपति रनिङ्ग शिल्ड प्रतियोगिता, विद्यालय भित्र अतिरिक्त क्रियाकलाप अन्तरगतका खेलकुदहरु, वडा स्तरीय प्रतियोगिताहरुलाई निरन्तरता दिइनेछ।

१२७. राष्ट्रिय स्तरको खेलकुद प्रतियोगिता संचालन गरिने छ।

१२८. उप–मेयरसँग किशोरी कार्यक्रम अन्तर्गत प्रजनन स्वास्थ्य तथा यौन शिक्षा एवम् लैंगिक विभेद विरुद्धको अभियान सबै विद्यालयमा संचालनमा ल्याइने छ।

१२९. मेयरसँग युवा कार्यक्रम अन्तर्गत लागु पदार्थ दुव्यर्सनविरुद्ध सचेतना कार्यक्रम संचालनमा ल्याइने छ।

१३०. अति असक्त जेष्ठ नागरिक र पूर्ण अपांग भएका व्यक्तिलाई घरदैलोमा गई बैँकमार्फत सामाजिक सुरक्षा भत्ता वितरण कार्यलाई निरन्तरता दिईने छ।

१३१. "दीर्घ जीवन, ईश्वरको वरदान" भन्ने नाराका साथ ९० वर्ष उमेर पूरा भएका जेष्ठ नागरिकलाई जेष्ठ नागरिक दिवसको अवसरमा सम्मान कार्यक्रम सञ्चालन गरिनेछ।

१३२. सामाजिक सुरक्षा भत्ता स्वइच्छाले नलिने व्यक्तिहरुलाई सार्वजनिक रुपमा सम्मानको व्यवस्था मिलाइने छ।

१३३. बालबिबाह तथा बहुविवाह विरुद्ध जनचेतचना मूलक कार्यक्रम सहित घरदैलो अभियान कार्यक्रमलाई निरन्तरता दिइने छ।

१३४. महिला सशक्तिकरण तथा अपांगता भएका व्यक्तिहरुलाई क्षमता अभिवृद्धि कार्यक्रम अगाडि बढाइने छ।

१३५. एकल महिलालाई आत्मनिर्भर बनाउन आयआर्जन सम्बन्धी विशेष कार्यक्रम तर्जुमा गरी कार्यान्वयनमा ल्याइने छ ।

१३६. बालअधिकार संरक्षण तथा बालबालिकाको नेतृत्व विकासका लागि बाल क्लब र पालिका स्तरिय बालसन्जाल लाइ क्रियाशिल बनाइने छ ।

१३७. महिला, बालबालिका, जेष्ठ नागरीक, अपांग, पिछडिएको वर्ग, दलित, एकल महिला, द्धन्द्ध पिडितको सम्मान,प्रवर्द्धन र सशक्तीकरण गर्न विशेष कार्यक्रम सन्चालन गरिने ।

१३८. वडातह सम्म लैंगिक समानता र सामाजिक समावेशिकरणलाई विकास प्रक्रियामा मूलप्रबाहीकरण गरिने छ ।

१३९. युवा स्वरोजगारको लागि विभिन्न आयमुलक तथा सीपमूलक कार्यक्रम सञ्चालन गरिने छ ।

१४०. समन्वयात्मक रुपमा बाल बचाउ कार्यक्रम,वालश्रम निषेध,वाल अधिकार तथा घरेलु हिंसा विरुद्धको कार्य योजना तयार गरी कार्यान्वयन गरिनेछ ।

१४१. महिला, बालबालिका, अपांग, पिछडिएको बर्ग, दलित, जेष्ठ नागरिक ,जनजाती,एकल, द्धन्द्धपीडितको सम्मान, प्रवर्धन र सशक्तिकरण गर्न विशेष कार्यक्रम सञ्चालन गरिने छ ।

१४२. आपतकालिन आश्रय सहितको जिल्ला सेवा केन्द्र स्थापना शा. न. पा.- २ मा गरिनेछ ।

**आदरणीय नगरसभा सदस्यज्यूहरु,**

१४३. दलित सेवा संघ र Development Fund (DF-Norway) को सहकार्यमा विभेदमा पारिएका समुदायको जिविकोपार्जन सुधार सम्बन्धी कार्यक्रम लाइ निरन्तरता दिइनेछ ।

१४४. दलित विकास समाज (DDS ) सल्यानको सहकार्यमा बाल विबाह विरुद्धको साझा अभियान कार्यक्रम लाई निरन्तरता दिइनेछ ।

१४५. खानेपानीको समस्या हल गर्न बिश्व बैक, संघीय सरकार, प्रदेश सरकार र नगरपालिका बीचको त्रिपक्षिय सम्झौता भए बमोजिम १०९ करोड रकमको कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

१४६. एक घर एक धारा अभियान अन्तरगत नयाँ योजना तथा पुराना योजनाहरु मर्मत गरी नगर भित्र प्रत्येक घरधुरीमा निजी धारा जडान गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।

१४७. नगर भित्रका विद्यालयहरु, स्वास्थ्य संस्थाहरु र सार्वजनिक संस्थाहरुमा खानेपानी तथा सरसफाई क्षेत्रलाई सुधार गरिने छ ।

१४८. १५ वटै वडामा खानेपानी आयोजनाको मर्मत सम्भारको व्यवस्थापन गरिनेछ ।

१४९. नियमित खानेपानी आपूर्ति, मर्मत सम्भार तथा व्यवस्थापन गर्न थप प्राविधिक कर्मचारीको व्यवस्था गरिने छ ।

१५०. स्वच्छ सफा तथा शुद्ध पानीको गुणस्तर मापन गर्न नगर भित्र प्रयोगशाला निर्माण प्रक्रियालाई अगाडि वढाइनेछ ।

१५१. खानेपानी, सरसफाइ तथा स्वच्छता क्षेत्रको व्यवस्थापन सूचना प्रणाली ( N-Wash Dashboard MIS)मा अपडेट गरी व्यवस्थित गर्ने नीति बनाइने छ ।

१५२. नगरपालिकाभित्र खानेपानी परीक्षण प्रयोगशाला स्थापना गरीनेछ ।

१५३. आप्रवासी कामदार तथा तिनीहरू परिवारको अधिकारको सुनिश्चित गर्ने नीति लिईने छ । जसको लागि प्रदेश सरकार, वैदेशिक रोजगार वोड तथा संघीय सरकारसँगको समन्वय तथा लागत साझेदारीमा आप्रवासी कामदार र उनीहरूको परिवारलाई लक्षित गरी सुरक्षित वैदेशिक रोजगार सम्बन्धी सूचना प्रवाह, मानसिक स्वास्थ्य तथा मनोसामाजिक परामर्श सेवा, वित्तीय साक्षरता र सीप अभिवृद्धि कार्यलाइ निरन्तरता दिइने छ।

१५४. स्थानीय तहले संघ तथा प्रदेश सरकारसँगको सहकार्यमा समुदाय स्तरमा नै पर्याप्त आय र रोजगारीका अवसरहरू सिर्जना गर्न कार्यक्रमहरू ल्याउने छ । उक्त अवसरहरूमा वैदेशिक रोजगारीबाट फर्केका आप्रवासी कामदारहरूको पहुँच सुनिश्चित गर्ने बन्दोबस्त मिलाईने छ । जसको लागि प्रदेश सरकारले उद्यमशीलता विकास कार्यक्रम मार्फत वैदेशिक रोजगारीबाट फर्केका आप्रवासी कामदारका परिवारहरुलाई उद्यम स्थापना गर्न सहूलियत ऋण, प्राविधिक सहयोग लगायतका सेवाहरूलाई निरन्तरता दिनुको साथै सम्बन्धित कार्यक्रम तथा निकायहरुसँग समन्वयात्मक तवरबाट कार्य नीति लिईने छ । आप्रवासी कामदारहरुले वैदेशिक रोजगारीको दौरानमा सिकेका सीप तथा व्यवसायिक ज्ञान प्रयोग गरी स्थानीय स्तरमा रोजगारी सिर्जना गर्ने व्यवस्था मिलाईने छ ।

१५५. श्रम र रोजगारीको क्षेत्रको समुचित व्यवस्थापनको लागि सुरक्षित आप्रवासन कार्यविधि तर्जुमा गरी प्रभावकारी कार्यान्वयन गर्न कार्ययोजना निर्माण गरी कार्यान्वयन गरिनेछ स्वरोजगार, आन्तरिक रोजगार साथै वैदेशिक रोजगारसँग सम्बन्धित विषयलाई व्यवस्थित गर्न शारदा नगरपालिकाको संगठन संरचनामा श्रम तथा रोजगार शाखा विस्तार गरी आवश्यक सेवाहरुलाई एकिकृत रुपमा प्रवाह गरिने छ ।

१५६. पालिकाबाट उपलब्ध गराइने श्रम स्वीकृतिलाई व्यापक, भरपर्दो र नागरिक मैत्रि बनाइनेछ ।

१५७. बैदेशिक रोजगारीलाइ सुरक्षित ,ब्यबस्थित र मर्यादित बनाउन सुरक्षित आप्रबासन ( सामी ) कार्यक्रम संग लागत साझेदारी गरि निरन्तरता दिइनेछ ।

**आदरणीय नगरसभाका सदस्यज्यूहरु,**

## पूर्वाधार विकास तर्फः

१५८. आ.व. २०८०।०८१ मा संचालित क्रमागत आयोजनाहरुलाई भौतिक प्रगतिको आधारमा निरन्तरता जोड दिइने छ ।

१५९. यातायात क्षेत्रको व्यवस्थापनका लागि आधुनिक बसपार्क निर्माणको कार्यलाई निरन्तरता दिइने छ

१६०. शारदा नगरपालिकामा संघ र प्रदेशबाट बजेट विनियोजन भई सञ्चालन हुने पुर्वाधारको लागि समपुरक कोषको उचित व्यवस्था गर्न विशेष जोड दिईने छ ।

१६१. हाम्रो सम्पदा राम्रो सम्पदा कार्यक्रम संचालन गरिनेछ, जस अन्तर्गत वडा नम्बर २ चोरकाट्ने भिरमा ट्रेल मार्ग निर्माण, वडा नम्बर १४ भट्टाचौर चाका ज्यूला हुदै ढारखानी गुकुलनगर सम्म पर्यटक पथ निर्माण, खैरावाङ मन्दिर परिषरमा भिजिनेरी अप्रोज फोटो पार्क निर्माण गरिनेछ ।

१६२. नगरपालिकाका सबै वडालाई सडक संजालमा जोडिने छ ।

१६३. १५ वटै वडाहरुको वडा केन्द्रमा बाह्रै महिना सवारी साधन सहज रुपमा आवागमन गर्न उक्त सडकहरुको मर्मत सभ्भार तथा स्तरोन्नतीमा जोड दिइनेछ ।

१६४. सवै वडाका कार्यालयका आफ्नै भवन निर्माण गरी सार्वजनिक सेवा प्रवाह गर्नको उचित व्यवस्था मिलाइनेछ ।

१६५. शारदा नगरपालिकाको सडक गुरुयोजना ( MTMP) प्रभावकारी रुपमा कार्यान्वयन गरिनेछ ।

१६६. Sharada Ring Road (चक्रपथ) लाई गौरवको आयोजनाको रुपमा अगाडि बढाइनेछ ।

१६७. नगर क्षेत्रभित्र विद्युतीकरण गर्न बांकी रहेका सवै वडाका टोल बस्तीमा विद्युतीकरण लाइ निरन्तराता दिइनेछ ।

१६८. प्रधानमन्त्री तथा मुख्य मन्त्री रोजगार कार्यक्रम अन्तरगत सञ्चालित आयोजनाहरु को गुणस्तरियता वृद्धि गर्नुका साथै नागरिकको अपनत्य श्रृजना हुने निती अवलम्बन गरिनेछ।

१६९. शारदा उदयमान शहर हुन गइराखेकोले शारदाको वडा नम्बर १ तिलछहरे डाँडादेखि शानपाको वडा नम्बर ६ बरलासम्म, वडा नम्बर २ को डाँडागाउँ देखि वडा नम्बर ४ को साहुटोल सम्म वस्ती विकास परियोजना लागु गरिनेछ। जस अन्तर्गत देशकै ५७ औं शहर निर्माणका लागि जोड दिइनेछ।

१७०. मानव वस्ती विकास, सहरी विकास योजना, आवासीय तथा प्रशासनिक भवन निर्माणको लागि आधारभूत मापदण्डलाई प्रभावकारी कार्यान्वयन गरिनेछ।

१७१. श्रीनगर शितलपाटी पटनेरी, जोगिदेउखोला देखि बरला सम्म बढ्दै गएको शहरीकरणलाई मध्यनजर गर्दै आ व २०८१।०८२ मा आधुनिक शहरको मुर्तरुप दिन शहरका छेउछाउमा सडक बत्ती विस्तार चोक र टोल बस्तीको नामाकरण, सिसि क्यामेरा जडान, ग्रिन जोन निर्माण,फुटपाथको व्यवस्था र क्रसिङ प्वाइन्ट आदि कार्यलाई तत्परता दिइनेछ। हेरिटेज सिटी सल्यान खलंगा वडा नं. २ डाँडागाउँ देखि वडा नम्बर ५ दुल्धारा पोखरा सम्म विशेष गुरुयोजना तयार गरिनेछ।

१७२. बजार क्षेत्रमा ढलनिकासको व्यवस्थापन गरिनेछ।

१७३. पूर्वाधार निर्माण कार्यको गुणस्तर परीक्षण गर्नको लागि नगरपालिकामा पूर्वाधार ल्याब स्थापना गरी परिक्षण गर्ने कार्य अगाडि बढाइनेछ।

१७४. नगरपालिकाका पूर्वाधारहरुमा लगानीका विभिन्न उपकरण तथा स्रोत परिचालन गर्न नगर विकास कोषमा नगरपालिकाको सेयर स्वामित्व रहने गरी आवश्यक प्रबन्ध मिलाइनेछ।

१७५. नगरपालिकाबाट सञ्चालन हुने विकास आयोजनाको लागी व्यवस्थित प्रणाली उपयोग गरी प्रावकारी सेवा प्रदान तथा चुस्त अभिलेख व्यवस्थापनमा जोड दिईनेछ।

**आदरणीय नगरसभाका सदस्यज्यूहरु,**

## वन ,वातावरण तथा विपद् व्यवस्थापन तर्फः

१७६. प्राकृतिक प्रकोप तथा विपद ब्यवस्थापनलाई न्यूनिकरण गर्न विपद व्यवस्थापन कोषमा आवश्यक रकम विनियोजन गरिनेछ।

१७७. फोहरमैला व्यवस्थापन कार्यक्रमलाई आधुनिक तथा व्यवस्थित गरिनेछ।

१७८. वन तथा भूसंरक्षण, जलउत्पन्न प्रकोप नियन्त्रण, जलाधार संरक्षण, जलवायू पविर्तन सम्बन्धी कार्यविधि तर्जुमा गरी कार्यान्वयनमा ल्याईने छ।

१७९. जलवायु परिवर्तनको असरले लोप हुँदै गएका, अतिक्रमणमा परेका, प्राथामिकतामा नपरेका सामुदायिक रिचार्ज पोखरीलाई सामुदायिक बन उपभोक्ता समितिहरुको सहकार्यमा निर्माण, पुनःनिर्माण, संरक्षण र पुनस्थापना गरिनेछ।

१८०. भु–उपयोग नीति तर्जूमा तथा जथाभावी जग्गा पल्टिङ गर्ने कार्य नियन्त्रण गरी सुव्यवस्थित आधुनिक शहर निर्माणको आधार तयार पारिने छ।

१८१. शारदा नगरपालिका भित्र उत्पादित कृषि खेतीयोग्य भूमीमा आधुनिक उपकरण प्रयोग, जग्गा प्लटिङ्ग कार्यलाई निरुत्साहित पारिदै लगिने छ।

१८२. अतिक्रमण गरिएका सार्वजनिक जग्गाहरुको उचित व्यवस्थापन गरिनेछ।

१८३. मानव जीवन तथा उपभोक्तासंग प्रत्यक्ष सरोकार राख्ने औषधी पसल, मासु पसल, पशुपंछी तथा विषादी वेचविखन गर्ने पसलहरुको अनुगमन नियमन गरि कानुनी दायरामा ल्याइनेछ।

१८४. बाहै महिना विभिन्न बस्तीहरुमा हरियाली छाउन डालेघास, फलफुलका विरुवाहरुको वृक्षारोपण कार्यमा जोड दिईनेछ।

१८५. शारदा नगरपालिकाभित्र रहेको सार्वजनिक जग्गा वा अतिक्रमण गरिएका सार्वजनिक जग्गाहरुको लगत संकलन गरी

वृक्षारोपण कार्य गरिने छ।

१८६. वन सम्बन्धि कार्यको अनुगमन र मूल्यांकनलाई प्रभावकारी बनाउने र वन सुशासन कायम गरिनेछ।

१८७. सडक, नदी, किनारा, सार्वजनिक स्थान र प्रत्येक निजी ३रधनीले वार्षिकरुपमा कम्तीमा एक विरुवारोपण कार्यलाई प्रवर्द्धन गर्दै शारदा हरियाली कार्यक्रम सञ्चालन गरिनेछ।

**आदरणीय नगरसभा सदस्यज्यूहरु,**

## सार्वजनिक सेवा र सुशासन तर्फः

१८८. शारदा नगरपालिकाको (Local Government Self Assessment LISA) मा लेखीएका कमजोर र सबल पक्षको पहिचान गर्दै कार्ययोजना निर्माण गरी गरी संस्थागत सुधारलाई निरन्तरता दिइनेछ।

१८९. विषयगत कार्य योजनाको आधारमा कर्मचारीको संस्थागत क्षमता अभिबृद्धिका लागि तालिम अवलोकन भम्रण गराउने व्यवस्था मिलाइने छ।

१९०. डिजिटल शारदा अभियान अन्तरगत आधुनिक सूचना तथा प्रविधिको अबलम्वन गरी सेवाग्राहीमैत्री सार्वजनिक सेवा प्रवाह मार्फत आम जनतालाई सुसुचित गर्न विशेष कार्यक्रमको ब्यवस्था गरिनेछ।

१९१. नगरपालिका अन्तर्गत नगर कार्यपालिकाको कार्यालय र विषयगत शाखामा कार्यरत कर्मचारीहरुले कार्यालय समयबाहेक अतिरिक्त समयमा काम गरेवापत प्रोत्साहनको उचित व्यवस्था गरिने छ।

१९२. नगरपालिकाको आर्थिक, सामाजिक र साँस्कृतिक विकासमा विशेष योगदान पुऱ्याउने व्यक्तित्वहरुलाइ सम्मान र पुरस्कृत गर्ने नितिलाइ महत्व दिइने छ।

१९३. कर्मचारीहरुको मनोबललाई उच्च बनाई थप उत्प्रेरित गर्न अवलोकन भ्रमणलाई उपलब्धिमूलक बनाउन कर्मचारीहरुलाई सेवासुविधा सहित पर्यटन काजको व्यवस्था मिलाईनेछ ।

१९४. नगरपालिकाको क्षेत्राधिकारभित्र क्रियाशिल गैरसरकारी संघसंस्थाको कार्यक्रमलाई प्रभावकारि बनाउन अनिवार्य रुपमा नगरपालिकाको बजेट सिमाभित्र समावेश गर्ने नीति अबलम्वन गरिनेछ।

१९५. नगरपालिकाको कार्यालय र वडा कार्यालयको आफ्नै भवन निर्माण गरी आफ्नै भवनबाट गुणस्तरीय र सर्वसुलभ सेवा प्रवाहलाई प्राथमिकता दिइनेछ।

१९६. स्थानीय तहमा स्थानीय निकायबाट समायोजन भएर आएका कर्मचारीहरुको बृत्ति विकास लगायत अन्य सेवा सुविधाको लागि कर्मचारी कल्याण कोषमा आवश्यक रकमको व्यवस्था गरिनेछ।

१९७. "विवाद समाधानमा, प्राथमिकता मेलमिलापमा" भन्ने नाराका साथ स्थानीय तहको विवाद स्थानीय तहमा नै छलफल, वार्ता आदि तवरले आपसी समझदारी र मेलमिलाप विधिबाट न्यायका मान्य सिद्धान्तको अधिनमा रही नगरपालिकाको न्याय प्रणालीलाई स्वतन्त्र पहुँचयोग्य एवम् विश्वसनीय बनाइने छ।

१९८. न्यायिक समितिको काममा चुस्त ,दुरुस्तता, गुणस्तर तथा गोपनियता ल्याउनको लागि व्यवस्थित इजलासको निर्माण तथा न्यायीक मामिला व्यवस्थापन प्रणनलीको सुरुवात गरिनेछ।

१९९. न्याय सम्पादन प्रभावकारी तथा गुणस्तरीय बनाउनको लागि क्षमता अभिवद्धि कार्यक्रमको व्यवस्था गरिने छ।

२००. नगरस्तरमा नगर प्रहरीको परिचालन मार्फत नगरपालिकामा उचित सुरक्षा प्रबन्ध, बजार व्यवस्थापन, फोहरमैलाव्यवस्थापन, विपद व्यवस्थापन तथा आवश्यक सहायता कार्यक्रम अन्य सुरक्षा निकायसँगको समन्वयमा कार्यान्वयन गरिनेछ।

२०१. करार सेवामा रहेका कर्मचारीहरुको संख्या कटौती र सुविधा वृद्धि र क्षमता वृद्वीको निती लिईनेछ।

२०२. सार्वजनिक सुनुवाई, सामाजिक परिक्षण, नागरिक सन्तुष्टी सर्वेक्षण जस्ता सुशासन प्रवर्द्धनका औजारहरुकव प्रयोगलाई निरन्तरता दिइनेछ।

२०३. नगरपालिका स्थापना दिवसलाई नगरबासीको उत्सवको रुपमा मनाइनेछ।

२०४. बेरुजु फर्छयौट,पेश्की फर्छयौट जस्ता विषयहरुलाई गम्भिरताका साथ अगाडी बढाइनेछ।

२०५. नगरपालिकाले प्रदान गर्ने सेवामा First come First Service को नितिलाई अवलम्बन गरिनेछ।

२०६. करदाता शिक्षा,राजश्व शिविर सञ्चालन तथा बजार अनुगमण कार्यलाइ नियमित सञ्चालन गरिनेछ।

२०७. जनप्रतिनिधि तथा कर्मचारीहरुको वैदेशिक भ्रमण काजबाट पालिकालाई संस्थागत रुपमा फाइदा हुने कार्यक्रमलाई प्रवर्द्धन गरिने छ।

**आदरणीय नगरसभा सदस्यज्यूहरु,**

२०८. नगरवासीको सूचनाको हक सुनिश्चित गर्दै कर्णाली प्रदेशमै पहिलो सूचनामैत्री पालिका शारदा नगरपालिकालाई बनाउने उद्देश्यले मूख्य स्थानहरुमा स्थान जानकारी पाटी Location Information Board तथा GIS Map को व्यवस्था गरिनेछ।

२०९. सबै वडा र नगरपालिका क्षेत्रभित्र ईन्टरनेटको सेवालाई प्रभावकारी वनाइनेछ।

२१०. कार्यालयमा सबैले देख्ने गरी डिजिटल नागरिक वडापत्र (Digital Citizen Charter) व्यवस्था गरिनेछ।

२११. नगरपालिकाबाट हुने गतिविधिलाई कानुनबमोजिम वेवसाइट मार्फत सार्वजनिक गर्ने कार्यलाई निरन्तरता दिइनेछ।

२१२. नगरपालिकाको कार्य प्रगति तथा गतिविधिको बारेमा वेवसाईट, सामाजिक संजाल, डिजिटल बोर्ड आदिमार्फत जानकारी गराइनेछ।

२१३. आमसञ्चारका माध्यमहरुको सहकार्यमा सचेतनामुलक सामग्री प्रकाशन र प्रसारणमा जोड दिइनेछ । एवम् नगरवासीलाइ अधिकतम सूचना दिने ध्ययकासाथ जडान गरीएको टोल फ्रि नं लाइ निरन्तरता दिइने छ।

२१४. आन्तरिक राजश्व संकलनलाई प्रभावकारी बनाई आत्मनिर्भर नगरपालिका बनाउनतर्फ उन्मुख हुंदै करको दायरा फराकिलो बनाइने र कर प्रणालीलाई व्यवस्थित बनाउन Digital Tax Policy अवलम्वन गरिनेछ।

२१५. व्यवसाय दर्ता तथा नवीकरण वडा कार्यालयबाट गर्ने व्यवस्था गरिनेछ।

२१६. राजश्व सम्बन्धी जनचेतना अभिवृद्धिको लागि स्थानीय संञ्चार माध्याम र व्यापक प्रचार प्रसार गरिनुका साथै सूचना तथा होडिङ्ग बोर्डको व्यवस्था मिलाइनेछ।

२१७. आन्तरिक राजस्वका स्रोत पहिचान गरी तिनलाई परिचालन गरिनेछ।

२१८. आन्तरिक राजस्व अनुगमन, मूल्यांकन तथा संकलन प्रणाली व्यवस्थित गराउन राजश्व परामर्श समितीको क्षमता अभिवृद्धी सम्वन्धी कार्यक्रम सञ्चालन गरिनेछ।

२१९. समयमै कर तिर्ने करदाता, बढी कर तिर्ने करदाता र राजश्व बढाउन सहयोग गर्ने करदातालाई सम्मान गर्ने नीति अंगीकार गरिनेछ।

२२०. (ढुङ्गा, बालुवा, गिट्टी र प्राकृतिक स्रोत कानुन बमोजिम संकलन गर्ने कार्यलाई व्यवस्थित रुपमा संचालन गरी नियमितरुपमा अनुगमन गरिनेछ ।

२२१. शारदा नगरपालिकाबाट Digital Display Board लाई आम्दानीको स्रोतका रुपमा विकास गर्न सूचना विज्ञापन प्रशारणको लागि प्रयोगमा ल्याइने छ एवंम होर्डीङ्ग बोर्डलाइ करको दायरामा ल्याइने छ।

"Green Sharada, Clean Sharada"

**आदरणीय नगरसभा सदस्यज्यूहरु,**

प्रस्तुत नीति तथा कार्यक्रमले “सुन्दर र समृद्ध शारदा, खुसी र आत्मनिर्भर शारदावासी” नारालाई व्यवहारमा उतार्न विकासका प्राथमिकता र बजेट तर्जुमाको आधारलाई प्रस्तुत गरेको छ । यसको कार्यान्वयनका लागि प्राप्त हुने रचनात्मक सुझावलाई मार्गदर्शनको रुपमा लिई सबैको संयुक्त प्रयास, समन्वय, सहकार्य र अपनत्व बोधबाट प्रस्तुत नीति तथा कार्यक्रम शारदा को विकासमा कोशेढुंगा सावित हुनेछ । शारदा नगरपालिकाको समग्र विकासको आधार तय गर्ने यो नीति तथा कार्यक्रम तयार गर्दा सद्भाव र सल्लाह सुझाव दिनुहुने बिषयगत समिति, विभिन्न राजनीतिक दल, राष्ट्रसेवक कर्मचारी, नीजि क्षेत्र, प्राज्ञिक क्षेत्र, संचारकर्मी, नागरिक समाज, अग्रज व्यक्तित्व, स्थानीय सामाजिक संघ संस्था लगायत आम गाउँवासीप्रति धन्यवाद ज्ञापन गर्दै हार्दिक आभार प्रकट गर्न चाहन्छु ।

धन्यवाद !
जय नेपाल
जय शारदा ।


प्रकाश भण्डारी
नगर प्रमुख
शारदा नगरपालिका
खलंगा, सल्यान